# सुर्यगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चोकदे , नुवाकोट

बागमती प्रदेश , नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०७७/१२/१४)

यस सुर्यगढी गाउँपालिकाको कार्यालयबाट औषधी तथा सर्जिकल तथा स्यानेटरी प्याड सामग्रीहरू खरिद तथा ढुवानी शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा गराउन पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक फर्महरू तथा सप्लायर्सहरूले निम्न शर्तको अधिनमा रही रितपुर्वक गोप्य शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१) शिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले पन्ध्र दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको रकम (पछि फिर्ता नहुने गरी) बुझाएको रसिद आ.व ०७७।७८ को लागि नविकरण भएको इजाजतपत्र र आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर कार्यालयमा दर्ता भएको प्रमाणपत्र आ. व ०७६।७७ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखि इजाजत फर्महरू तथा सप्लायर्सहरूले वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रितपुर्वक निवेदन दिइ यस कार्यालयबाट छुट्टाछुट्टै बोलपत्र फारम खरिद गर्न वा तल उल्लेखित भए अनुसारको शिलबन्दी दरभाउपत्र दस्तुर नेपाल इन्भेष्टमेण्ट बैंक लि,नुबाकोट चोकदे शाखाको सुर्यगढी गाउँपालिकाको खाता न ०६८०१४००२५००६१ खातामा जम्मा गरेको बैंक भौचर आवश्यक पर्नेछ । अधिकार प्राप्त प्रतिनिधि मार्फत शिलबन्दी दरभाउपत्र प्रक्रियामा भाग लिन अनिवार्य रूपमा अधिकार पत्र - Power of attorney ) पेश गर्नु पर्नेछ ।

२) खरिद भएका शिलबन्दी दरभाउपत्रको प्रत्येक आइटम प्रष्ट सँग भरी, प्रत्येक पानामा सहि छाप र शिलबन्दी गरी खाम बाहीर फर्मको नाम , ठेगाना र काम लेखी सुचना प्रकाशित भएको मितिले सोह्रौं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र सोही दिनको दिउसो २:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि सो शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) शिलबन्दी दरभाउपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित भएवमोजिम पेश गर्ने मितिदेखि धरौटी जमानत वापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट बैंक लि,नुबाकोट चोकदे शाखामा रहेको धरौटी खाता नं. ०६८०१०४०२५१५०१ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ९० दिन म्याद भएको शर्तरहित बैंक ग्यारेन्टी -विड वण्ड पेश गर्नुपर्नेछ ।

४) शिलबन्दी दरभाउपत्र दाताले आफुले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर बाहेकको हुनुपर्नेछ ।

५) शिलबन्दी दरभाउपत्र भर्दा दररेट स्पष्ट रूपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाइ मान्यता दिइनेछ ।

६) शिलबन्दी दरभाउपत्र शर्तरहित, यस कार्यालयले उपलब्ध गराएको शिलबन्दी दरभाउपत्र पुस्तिकामा दररेट भर्दा केरमेट भएमा सहिछाप भएको हुनुपर्नेछ, समयभित्र प्राप्त नभएको, रित नपुगेको, सुचनाको शर्त विपरित भएको शिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही हुनेछैन ।

७) कार्यालयको हितलाइ ध्यानमा राखि कुनै पनि कारण जनाइ वा नजनाइ शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ ।

८) प्रचलित ऐन, नियम अनुसार लाग्ने सम्पुर्ण करहरू शिलबन्दी दरभाउपत्र स्वयंले व्यहोर्नुपर्नेछ ।
९) एक फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउपत्र कागजात अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।
१०) शिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खुलेको दिन क्रमशः माथि उल्लेख भएका समयमा शिलबन्दी दरभाउपत्र खरिद , दर्ता र खोल्ने काम हुनेछ ।
११) यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख भएका अन्य कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

**कामको विवरण**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रू | शिलबन्दी दरभाउपत्र फारम दस्तुर रू | धरौटी /जमानत रकम रू. |
|---|---|---|---|---|
| SRM /NUWAKOT / HEALTH /01/077/078 | स्टिमेट तथा स्पेसिफिकेशन अनुसारको औषधी तथा सर्जिकल सामानहरू खरिद तथा ढुवानी | १०,८५,०००।- | १,०००।- | ३२,०००।- |
| SRM /NUWAKOT / HEALTH /02/077/078 | स्टिमेट तथा स्पेसिफिकेशन अनुसारको स्यानिटरी प्याड खरिद तथा ढुवानी | ९,१५,०००।- | १,०००।- | २४,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**